नेपाली सेना
श्री भर्ना छनौट निर्देशनालय
जङ्गी अड्डा

प्राड/प्राविधिक/हवाई/विविध सेवा तर्फका अधिकृत पदहरूको लागि दरखास्त आव्हान

(पहिलो पटक प्रकाशित मिति २०८३/०७/२७ गते)

१. नेपाली सेनामा रिक्त रहेका प्राड/प्राविधिक/हवाई/विविध सेवा तर्फका अधिकृत पदहरू खुला प्रतियोगिताद्वारा पदपुर्ति गर्नको लागि दरखास्त आव्हान गरिएको छ। देहायका योग्यता पूगेका नेपाली नागरिकले नेपाली सेनाको आधिकारिक वेबसाईट www.nepalarmy.mil.np बाट अनलाईन दरखास्त फाराम भरी सो को प्रिन्ट प्रति सहित स्वयम् उपस्थित भई तोकिएको भर्ना केन्द्रमा दरखास्त पेस गर्न आव्हान गरिन्छ।

२. **आवश्यक संख्या** :

क्र.सं.	विज्ञापन नं.	पदको नाम	सेवा	समुह	उपसमुह	सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यू भएका वा शारीरिक रूपमा अशक्त नेपाली सैनिकका सन्तति	खुला तर्फ	समावेशी तर्फ					जम्मा
								महिला	आदिवासी/जनजाति	मधेशी	दलित	पिछडिएको क्षेत्र	
१	०८३/८४/०२	प्राड उपसेनानी	सैनिक प्राड	-	-		१					१	२
२	०८३/८४/०३	प्राविधिक उपसेनानी (एम.बि.बि.एस.डा.)	सैनिक प्राविधिक	सैनिक स्वास्थ्य	मेडिकल	१	४	१	१	१	१		९
३	०८३/८४/०४	प्राविधिक उपसेनानी (डेन्टिष्ट डा.)	सैनिक प्राविधिक	सैनिक स्वास्थ्य	डेन्टल		१						१
४	०८३/८४/०५	प्राविधिक उपसेनानी (अडियोलोजिष्ट एण्ड स्पिच ल्याङ्गवेज प्याथोलोजिष्ट)	सैनिक प्राविधिक	सैनिक स्वास्थ्य	विविध मेडिकल ट्रेड		१						१
५	०८३/८४/०६	प्राविधिक उपसेनानी (फिजियोथेरापिष्ट)	सैनिक प्राविधिक	सैनिक स्वास्थ्य	विविध मेडिकल ट्रेड		१						१
६	०८३/८४/०७	प्राविधिक उपसेनानी (पब्लिक हेल्थ एण्ड हाईजिन टेक्निसियन)	सैनिक प्राविधिक	सैनिक स्वास्थ्य	विविध मेडिकल ट्रेड				१				१
७	०८३/८४/०८	प्राविधिक उपसेनानी (फुड एण्ड न्यूट्रिशन टेक्निसियन)	सैनिक प्राविधिक	सैनिक स्वास्थ्य	विविध मेडिकल ट्रेड					१			१
८	०८३/८४/०९	प्राविधिक उपसेनानी (मेकानिकल) उत्पादन	सैनिक प्राविधिक	सैनिक इन्जिनियरिङ्ग	उत्पादन		१	१					२
९	०८३/८४/१०	प्राविधिक उपसेनानी (ईलेक्ट्रिकल) उत्पादन	सैनिक प्राविधिक	सैनिक इन्जिनियरिङ्ग	उत्पादन		१						१

क्र.सं.	विज्ञापन नं.	पदको नाम	सेवा	समुह	उपसमुह	सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यू भएका वा शारीरिक रूपमा अशक्त नेपाली सैनिकका सन्तति	खुला तर्फ	समावेशी तर्फ					जम्मा
								महिला	आदिवासी/जनजाति	मधेशी	दलित	पिछडिएको क्षेत्र	
१०	०८३/८४/११	प्राविधिक उपसेनानी (इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स) मर्मत तथा सम्भार	सैनिक प्राविधिक	सैनिक इन्जिनियरिङ्ग	मर्मत तथा सम्भार				१				१
११	०८३/८४/१२	प्राविधिक उपसेनानी (बायोमेडिकल) मर्मत तथा सम्भार	सैनिक प्राविधिक	सैनिक इन्जिनियरिङ्ग	मर्मत तथा सम्भार		१						१
१२	०८३/८४/१३	प्राविधिक उपसेनानी (अटोमोवाईल) मर्मत तथा सम्भार	सैनिक प्राविधिक	सैनिक इन्जिनियरिङ्ग	मर्मत तथा सम्भार		१						१
१३	०८३/८४/१४	प्राविधिक उपसेनानी (सिभिल)	सैनिक प्राविधिक	सैनिक इन्जिनियरिङ्ग	सिभिल तथा आर्किटेक्चर		२	१					३
१४	०८३/८४/१५	प्राविधिक उपसेनानी (आर्किटेक्चर)	सैनिक प्राविधिक	सैनिक इन्जिनियरिङ्ग	सिभिल तथा आर्किटेक्चर		१			१			२
१५	०८३/८४/१६	प्राविधिक उपसेनानी (कम्प्युटर)	सैनिक प्राविधिक	सैनिक इन्जिनियरिङ्ग	सूचना प्रविधि		२		१				३
१६	०८३/८४/१७	प्राविधिक उपसेनानी (लाईब्रेरियन)	सैनिक प्राविधिक	अन्य प्राविधिक	लाईब्रेरी		१				१		२
१७	०८३/८४/१८	पाइलट उपसेनानी.	सैनिक हवाई	पाइलट	-		२				१		३
१८	०८३/८४/१९	प्राविधिक उपसेनानी (ए.एण्ड सि. इन्जिनियर)	सैनिक हवाई	हवाई सम्भार	-						१		१
१९	०८३/८४/२०	प्राविधिक उपसेनानी (एभियसन बन्दोबस्ती तथा प्राप्ती)	सैनिक हवाई	अन्य हवाई	एभियसन बन्दोबस्ती तथा प्राप्ती		१						१
२०	०८३/८४/२१	लेखा उपसेनानी	सैनिक विविध	लेखा	-	१	७	१	१	१	१	१	१३

३. **दरखास्त पेस गर्ने मिति र स्थान :**

(क) **दरखास्त मिति** : मिति २०८३/०७/२७ गतेदेखि मिति २०८३/०८/१७ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०८३/०८/१८ गतेदेखि मिति २०८३/०८/२४ गतेसम्म थप दिन ७ हुनेछ। उक्त अवधिको कार्यालय समयभित्र दरखास्त बुझाउनु पर्नेछ।

(ख) एकल तथा दोब्बर दस्तुर बुझाई दरखास्त पेस गर्ने अन्तिम मितिको दिन सार्वजनिक बिदा पर्न गएमा अनलाईनबाट भरेको दरखास्त फाराम उक्त मिति भन्दा पछाडीको कार्यालय खुल्ने दिनमा कार्यालय समय भित्र दरखास्त दस्तुर (राजस्व) बुझाई दर्ता गर्न सकिने छ।

(ग) **स्थान** : नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भू।

४. **दरखास्त दस्तुर** : दरखास्त फाराम बुझाउँदा सबै पदका लागि रु. १,०००।- (एक हजार) श्री नेपाल बैंक लिमिटेडको खाता नम्बर ००१०१०००००००१००१००१ (कार्यालय कोड ३४५०१३५१३ र राजश्व शीर्षक नं.१४२२४, परीक्षा शुल्क) मा दस्तुर जम्मा गर्नु भई सो को सक्कल भौचर तथा प्रतिलिपि प्रति-१/१ (एक/एक) वा अनलाईन मार्फत दस्तुर लिने को हकमा दस्तुर तिरेको भुक्तानी रसिदको प्रतिलिपि १ (एक) अनलाईन भरेको दरखास्त फाराम साथ पेस गर्नु पर्नेछ। सोही विज्ञापनमा एकभन्दा बढी समूहमा दरखास्त दिएमा प्रत्येक समूहको लागि २०% का दरले थप दस्तुर लाग्नेछ।

५. **आवश्यक योग्यता** :

(क) **शैक्षिक योग्यता** :

क्र.सं.	बिज्ञापन नं.	पद	शैक्षिक योग्यता	कै.
१	०८३/८४/०२	प्राड उपसेनानी	कानूनमा स्नातक तह उत्तीर्ण गरी नेपाल कानून व्यवसायी परिषद्बाट अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेको।	
२	०८३/८४/०३	प्राविधिक उपसेनानी (एम.बि.बि.एस.डा.)	एस.एल.सी. वा सो सरह र बायोलोजीमा दश जोड दुई उत्तीर्ण गरी कम्तीमा एम.बि.बि.एस. उत्तीर्ण गरी एक वर्षे इन्टर्नसिप गरेको र नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको।	
३	०८३/८४/०४	प्राविधिक उपसेनानी (डेन्टिष्ट डा.)	एस.एल.सी. वा सो सरह र बायोलोजीमा दश जोड दुई उत्तीर्ण गरी कम्तीमा बि.डि.एस. उत्तीर्ण गरी एक वर्षे इन्टर्नसिप गरेको र नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको।	
४	०८३/८४/०५	प्राविधिक उपसेनानी (अडियोलोजिष्ट एण्ड स्पिच ल्याङ्गवेज प्याथोलोजिष्ट)	सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको।	
५	०८३/८४/०६	प्राविधिक उपसेनानी (फिजियोथेरापिष्ट)	सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको।	
६	०८३/८४/०७	प्राविधिक उपसेनानी (पब्लिक हेल्थ एण्ड हाईजिन टेक्निसियन)	सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको।	
७	०८३/८४/०८	प्राविधिक उपसेनानी (फुड एण्ड न्यूट्रिशन टेक्निसियन)	सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको।	
८	०८३/८४/०९	प्राविधिक उपसेनानी (मेकानिकल) उत्पादन	मेकानिकल विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको।	

क्र.सं.	बिज्ञापन नं.	पद	शैक्षिक योग्यता	कै.
९	०८३/८४/१०	प्राविधिक उपसेनानी (ईलेक्ट्रिकल) उत्पादन	इलेक्ट्रिकल वा इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको ।	
१०	०८३/८४/११	प्राविधिक उपसेनानी (इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स) मर्मत तथा सम्भार	इलेक्ट्रोनिक्स, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स, इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन मध्ये एक विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको ।	
११	०८३/८४/१२	प्राविधिक उपसेनानी (बायोमेडिकल) मर्मत तथा सम्भार	बायोमेडिकल विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको ।	
१२	०८३/८४/१३	प्राविधिक उपसेनानी (अटोमोवाईल) मर्मत तथा सम्भार	अटोमोबाइल विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको ।	
१३	०८३/८४/१४	प्राविधिक उपसेनानी (सिभिल)	सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको ।	
१४	०८३/८४/१५	प्राविधिक उपसेनानी (आर्किटेक्चर)	आर्किटेक्चर इन्जिनियरिङ्ग विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको ।	
१५	०८३/८४/१६	प्राविधिक उपसेनानी (कम्प्युटर)	बि.इ. (आई.टि.), बि.इ. कम्प्युटर, बि.टेक. कम्प्युटर वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको ।	
१६	०८३/८४/१७	प्राविधिक उपसेनानी (लाईब्रेरियन)	लाइब्रेरी साइन्समा स्नातक तह वा सो सरह उत्तीर्ण गरी नेपाल लाइब्रेरी एसोशियसनमा दर्ता भएको ।	
१७	०८३/८४/१८	पाइलट उपसेनानी	भौतिक विज्ञानमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरी इन्टरनेशनल सिभिल एभिएसन अर्गनाईजेशन (आई.सि.ए.ओ.) ले मान्यता दिएको संस्थाबाट कमर्सियल पाइलट लाईसेन्स प्राप्त गरेको र नेपाल नागरिक उड्डयन प्राधिकरणबाट जहाज वा हेलिकप्टरको कमर्सियल पाइलट लाईसेन्स परीक्षा उत्तीर्ण गरेको ।	
१८	०८३/८४/१९	प्राविधिक उपसेनानी (ए. एण्ड सि. इन्जिनियर)	एरोनटिकल वा मेकानिकल इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता गरेको ।	
१९	०८३/८४/२०	प्राविधिक उपसेनानी (एभियसन बन्दोबस्ती तथा प्राप्ती)	स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।	

क्र.सं.	बिज्ञापन नं.	पद	शैक्षिक योग्यता	कै.
२०	०८३/८४/२१	लेखा उपसेनानी	वाणिज्य शास्त्रमा स्नातक तह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम र कम्तीमा दुई महिनाको कम्प्युटर एकाउन्टिङ्ग सम्बन्धी तालिम उत्तीर्ण गरेको ।	

नोटः शैक्षिक योग्यतामा उल्लिखति एस.एल.सी. भन्नाले हालको एस.ई.ई. लाई जनाउने ।

(ख) **शारीरिक योग्यता :**

क्र.सं.	पद	विवरण	पुरुष	महिला	कै.
१.	सबै पदका उम्मेदवारहरु	उचाई	न्यूनतम ५ फिट ३ ईन्च	न्यूनतम ५ फिट (पाइलट समूहको हकमा ५ फिट ३ ईन्च)	
		छाती	नफुलाउंदा न्यूनतम ३२ ईन्च र फुलाउंदा न्यूनतम ३४ ईन्च	-	
		वजन	न्यूनतम ५० के.जी. (११० पौण्ड)	न्यूनतम ४० के.जी. (८८ पौण्ड)	
		आँखा	चस्मा प्रयोग गर्ने भएमा आँखा ± २ (दुई) भन्दा बढी कमजोर नभएको हुनुपर्ने तर सैनिक प्राविधिक सेवा अन्तर्गतका वहालवाला उम्मेदवारको हकमा ± २.५ (दुई दशमलव पांच) भन्दा बढी कमजोर नभएको हुनुपर्ने ।		
		BMI	न्यूनतम १६ देखि अधिकतम २७ सम्म हुनुपर्ने ।		

(ग) **अन्य योग्यता :**

उम्मेदवारहरू बि.एम.आई. र स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको साथै तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको हुनु पर्नेछ । अन्य योग्यताको हकमा **"सैनिक सेवा नियमावली, २०६९"**, **"सैनिक प्राड सेवा नियमावली, २०७४"**, **"सैनिक प्राविधिक सेवा नियमावली, २०७६"**, **सैनिक हवाई सेवा नियमावली, २०७४"**, **"सैनिक विविध सेवा नियमावली, २०७४"** र **"भर्ना छनौट निर्देशिका, २०७१"** मा उल्लेख भए अनुसार हुनुपर्नेछ ।

६. **उमेरको हद** : दरखास्त पेस गर्ने अन्तिम मिति २०८३/०८/१७ गतेसम्म उमेर निम्न अनुसार हुनु पर्नेछ ।

क्र.सं.	पद	पुरुष	महिला	कै.
१.	सबै पदका उम्मेदवार	१८ वर्ष उमेर पूरा भई २९ वर्ष ननाघेको	१८ वर्ष उमेर पूरा भई ३० वर्ष ननाघेको	

७. **सैनिक सेवाका बहालवाला उम्मेदवार** :

(क) उल्लिखित पदका लागि नेपाली सेनामा कार्यरत योग्यता पुगेका सैनिक व्यक्तिको उमेरको हद सम्बन्धित सेवाको नियमावलीमा उल्लेख भएनुसार पैंतिस वर्ष पूरा नभएसम्म बढीमा ३ पटक आवेदन दिन सक्नेछ । सम्बन्धित पदको लागि आवश्यक शैक्षिक योग्यता हासिल गरेको, सैनिक आधारभूत तालिम गरेको र युनिटपतिको सिफारिस हुनु पर्नेछ ।

(ख) दरखास्त पेस गर्ने अन्तिम मिति २०८३/०८/१७ गतेका दिन न्यूनतम सेवा अवधि १ वर्ष पूरा भएको हुनु पर्नेछ ।

८. **पेस गर्नु पर्ने आवश्यक प्रमाणपत्रहरू** : देहाय बमोजिमका कागजातहरूको प्रतिलिपि उम्मेदवारहरू स्वयम्ले प्रमाणित गरी १/१ (एक/एक) प्रतिका दरले नेपाली फायलमा राखी पेस गर्नु पर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाण-पत्रहरू मान्य हुने छैन । दरखास्त दिन आउँदा पेस गरिने सबै कागजातहरूको सक्कल प्रति अनिवार्य रूपमा साथमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण-पत्र ।

(ख) सबै शैक्षिक तहहरूको योग्यताको प्रमाण पत्रको लब्धाङ्क पत्र, चारित्रिक प्रमाण-पत्र र ओरिजिनल/प्रोभिजनल प्रमाण-पत्र ।

(ग) सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाण पत्र (काउन्सिल हुनेको हकमा मात्र) ।

(घ) नेपालका विद्यालय/विश्वविद्यालयहरू बाहेक अन्य बोर्ड तथा विश्वविद्यालयहरुबाट उपाधी हासिल गर्नेहरूको हकमा पाठ्यक्रम विकास केन्द्र वा त्रिभुवन विश्वविद्यालय वा विश्वविद्यालय अनुदान आयोगबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र ।

(ङ) **सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दागर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रूपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्ततीहरूको हकमा निम्न थप कागजातहरू सम्बन्धित उम्मेदवार स्वयम्ले प्रमाणित गरी पेस गर्नुपर्नेछ ।**

(१) श्री समारोह सञ्चालन निर्देशनालयबाट प्रकाशित सहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने वा निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगती/कर्तव्य पालनाको सिलसिलामा मृत्यु/अशक्त भनि उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति १ (एक) ।

(२) बहालवाला सैनिकको हकमा **"सैनिक सेवा नियमावली, २०६९"** को नियम १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति १ (एक) ।

(३) सम्बन्धित उम्मेदवारसँगको नाता प्रमाणितको प्रतिलिपि प्रति १ (एक) ।

९. **फोटोग्राफ** : उम्मेदवारले हालसालै खिचेको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको देहाय अनुसारको फोटो दरखास्त साथ पेस गर्नुपर्नेछ ।

(क) पासपोर्ट साईजको फोटो प्रति-४ (चार) ।

(ख) २X२ साईजको फोटो प्रति-१ (एक) ।

१०. **सम्पर्क मिति र स्थान** : मिति २०८३/०९/०७ गतेको ११०० बजे, नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भूमा स्वयम् उपस्थित भई वा श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **vacancy.nepalarmy.mil.np** भित्र **EXAM NOTICES** मा आगामी परीक्षाको कार्यतालिका बारे जानकारी प्राप्त गर्न सकिनेछ ।

११. **छनौट प्रक्रिया** : उम्मेदवारहरुको छनौट परीक्षा अन्तर्गत वियरिङ्ग परीक्षा, बि.एम.आई. र प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक परीक्षा, लिखित परीक्षा (लोक सेवा आयोगबाट सञ्चालन हुने), प्रयोगात्मक परीक्षा, गुणमापक परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण र अन्तर्वार्ता हुनेछ । कुनै एक परीक्षामा अनुत्तीर्ण हुने उम्मेदवार त्यसपछि सञ्चालन हुने अन्य परीक्षामा सहभागी हुन पाउने छैन । भर्ना छनौट प्रक्रिया अन्तर्गत लिइने वियरिङ्ग तथा शारीरिक परीक्षाको मापदण्ड श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **https://vacancy.nepalarmy.mil.np** भित्र **ARMY SYLLABUS** मा हेर्न सकिनेछ ।

१२. **तलब, भत्ता, राशन तथा अन्य सुविधाहरू** : नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार हुनेछ ।

१३. **अन्य शर्तहरु** :

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत कर्मचारीले दरखास्त फाराममा आफु कार्यरत रहेको व्यहोरा अनिवार्य रुपमा उल्लेख गरी विभागीय स्वीकृति पत्र समेत दरखास्त पेस गर्दा नै बुझाउनु पर्नेछ र त्यस्तो नगरेमा दरखास्त लगायत सम्पूर्ण परीक्षा रद्ध गरिनेछ ।

(ख) छनौट परीक्षाको दौरान आ-आफ्नो व्यक्तिगत सुरक्षाको साथै परीक्षा अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार स्वयम् उम्मेदवार हुनेछ ।

(ग) हरेक परीक्षामा सहभागी हुन आउँदा उम्मेदवारहरूले आ-आफ्नो प्रवेश पत्र, २X२ साईजको फोटो र सक्कल नागरिकता साथमा लिई आउनु पर्नेछ ।

(घ) समावेशी तर्फ प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारले आदिवासी/जनजाति, मधेसी र दलित मध्ये कुनै एक समुदायमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछन् । तर महिलाको हकमा यो व्यवस्था लागु हुने छैन । साथै पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदवारले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिस्पर्धा गर्न सक्नेछन् ।

(ङ) नेपाली सेनामा हाल जारी पदपूर्ति प्रक्रियामा अन्य कुनै पदमा आवेदन पेस गरेको भए उम्मेदवारले स्वघोषणा गर्नु पर्नेछ । अन्य पदमा समेत आवेदन पेस गरेका उम्मेदवारले अनलाईन दरखास्त फाराम भर्ने क्रममा आवेदन दिएको पद र विज्ञापन नम्बर उल्लेख गर्नु पर्नेछ ।

(च) उम्मेदवारहरूले पेस गरेको सम्पूर्ण विवरणहरूको सक्कल प्रति दरखास्त फाराम भर्दा र बोर्ड अन्तर्वार्तामा समेत पेस गर्नु पर्नेछ । उम्मेदवारहरूले पेस गरेको विवरण झुठा ठहरिएमा प्रचलित कानुन अनुसार कारबाही हुनेछ ।

१४. **अनलाईन दरखास्त फाराम भर्ने सम्बन्धमा जानकारी :**

(क) मोबाईल/कम्प्युटरको ब्राउजर खोली नेपाली सेना भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **https://vacancy.nepalarmy.mil.np** मा रहेको **RECENT VACANCY** (नेपाली सेनामा पदपूर्ति सम्बन्धी सूचना) सेक्सनमा गई अधिकृत पदको विज्ञापनमा रहेको **"APPLY"** मा **Click** गर्ने ।

(ख) आवेदकले अनलाईन फाराममा रहेको योग्यता फाराममा आफ्नो व्यक्तिगत विवरण, पारिवारिक विवरण, शैक्षिक योग्यताको विवरण, भर्ना केन्द्रको विवरण र नागरिकताको विवरण भरेपश्चात आउने अनलाईन पेमेन्ट गेटवेको माध्यमबाट अनलाईन भुक्तानी गरी प्राप्त हुने भौचर र व्यक्तिगत विवरण फाराम सेभ गरी प्रिन्ट गर्ने ।

(ग) उक्त प्रिन्ट गरेको भौचर तथा व्यक्तिगत विवरण फाराम, अन्य आवश्यक कागजात र फोटो सहित केन्द्रिय भर्ना छनौट केन्द्र, स्वयम्भूमा तोकिएको मिति भित्र उपस्थित हुनुपर्नेछ ।

(घ) यदि कुनै उम्मेदवारले अनलाईनबाट मात्र निवेदन फाराम **Submit** गरेर सोको प्रिन्ट सहितको फाराम भर्ना छनौट केन्द्रमा नबुझाएको अवस्थामा सो **अनलाईनबाट मात्र Submit गरेको फारामलाई मान्यता दिईने छैन** ।

(ङ) अनलाईन फाराम भर्न केहि प्राविधिक कठिनाई भएमा **"Request for Help"** मा गएर आफ्नो कठिनाई व्यक्त गर्न सकिन्छ । साथै, **"Frequently Asked Questions"** मा गएर पनि आफ्नो जिज्ञासा/कठिनाई सम्बन्धी जानकारी पाउन सकिन्छ । साथै, थप केहि जानकारी लिनु परेको अवस्थामा सम्बन्धित भर्ना छनौट केन्द्रको सम्पर्क नम्बर वा सूचना प्रविधि निर्देशनालयको सम्पर्क नम्बर ०१-५९७९३०५ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

१५. **विशेष सूचना** : सम्मानित सर्वोच्च अदालतबाट नेपाली सेना, भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा, काठमाण्डौ समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०३८२ समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानूनी प्रबन्ध मिलाए पछि कायम हुन आउने कूल पदहरु मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व.०७९/८० मा समावेश नगरिएबाट वास्तविक रुपमा गुम्न गएका पदहरु समेत समेटि हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानूनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानून बमोजिम पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१६. यस विज्ञापनको विस्तृत विवरण तथा छनौट परीक्षा सम्बन्धी सबै सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **vacancy.nepalarmy.mil.np** भित्र **VACANCY & REQUIREMENTS** मा र पद अनुसारका पाठ्यक्रमहरु **ARMY SYLLABUS** मा हेर्न सकिनेछ । साथै, थप केहि जानकारी लिनु परेको खण्डमा भर्ना छनौट निर्देशनालयको सम्पर्क नम्वर ०१-५९७९४७८ मा कार्यालय समय भित्र सम्पर्क गर्न समेत सूचित गरिन्छ ।

(तेज प्रताप ज.ब.रा.)
सहायक रथी
निर्देशक

नेपाली सेना
भर्ना छनौट निर्देशनालय,
जङ्गी अड्डा

प्राड/प्राविधिक/हवाई/विविध सेवा तर्फका अधिकृत पदहरू (आन्तरिक) को लागि दरखास्त आव्हान

मितिः २०८३/०७/२६गते ।

१. नेपाली सेनामा रिक्त रहेको **प्राड/प्राविधिक/हवाई/विविध सेवा तर्फका अधिकृत पदहरू** आन्तरिक प्रतियोगिताद्वारा छनौट गरी पदपूर्ति गर्ने सिलसिलामा देहाय बमोजिम पदको लागि योग्यता पुगेका ईच्छुक उम्मेदवारहरूले नेपाली सेनाको आधिकारिक वेबसाईट www.nepalarmy.mil.np बाट अनलाईन दरखास्त फाराम भरी सो को प्रिन्ट प्रति सहित स्वयं उपस्थित भई तोकिएको भर्ना केन्द्रमा आफूले प्राप्त गरेको शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र तथा प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो प्रति-४ (चार), २ X २ साईजको फोटो प्रति-१ (एक) र युनिटपतिको सिफारिस सहितको प्रो-फाराम प्रत्येक उम्मेदवारले छुट्टाछुट्टै नेपाली फायलमा संलग्न गरी नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भूमा दरखास्त पेस गर्न आव्हान गरिन्छ ।

२. <u>पदपूर्ति गर्नुपर्ने पद र संख्याः</u>

क्र.सं.	विज्ञापन नं.	पदको नाम	सेवा	समूह	उपसमूह	संख्या	कै.
१	०८३/८४/आ/०२	प्राड उपसेनानी	सैनिक प्राड	-	-	१	
२	०८३/८४/आ/०३	प्राविधिक उपसेनानी (सैनिक उपचारिका)	सैनिक प्राविधिक	सैनिक स्वास्थ्य	नर्सिङ्ग	१	
३	०८३/८४/आ/०४	प्राविधिक उपसेनानी (अडियोलोजिष्ट एण्ड स्पिच ल्याङ्गवेज प्याथोलोजिष्ट)	सैनिक प्राविधिक	सैनिक स्वास्थ्य	विविध मेडिकल ट्रेड	१	
४	०८३/८४/आ/०५	प्राविधिक उपसेनानी (मेकानिकल) उत्पादन	सैनिक प्राविधिक	सैनिक इन्जिनियरिङ्ग	उत्पादन	१	
५	०८३/८४/आ/०६	प्राविधिक उपसेनानी (टेक्सटायल) उत्पादन	सैनिक प्राविधिक	सैनिक इन्जिनियरिङ्ग	उत्पादन	१	
६	०८३/८४/आ/०७	प्राविधिक उपसेनानी (आर्मामेन्ट मेकानिक्स) मर्मत तथा सम्भार	सैनिक प्राविधिक	सैनिक इन्जिनियरिङ्ग	मर्मत तथा सम्भार	१	

क्र.सं.	विज्ञापन नं.	पदको नाम	सेवा	समूह	उपसमूह	संख्या	कै.
७	०८३/८४/आ/०८	प्राविधिक उपसेनानी (भेहिकल मेकानिक्स) मर्मत तथा सम्भार	सैनिक प्राविधिक	सैनिक इन्जिनियरिङ्ग	मर्मत तथा सम्भार	१	
८	०८३/८४/आ/०९	प्राविधिक उपसेनानी (सिभिल ईन्जिनियरिङ्ग)	सैनिक प्राविधिक	सैनिक इन्जिनियरिङ्ग	सिभिल तथा आर्किटेक्चर	२	
९	०८३/८४/आ/१०	प्राविधिक उपसेनानी (कम्प्युटर ईन्जिनियरिङ्ग)	सैनिक प्राविधिक	सैनिक इन्जिनियरिङ्ग	सूचना-प्रविधि	१	
१०	०८३/८४/आ/११	प्राविधिक उपसेनानी (ब्रास)	सैनिक प्राविधिक	अन्य प्राविधिक	सैनिक ब्याण्ड	२	
११	०८३/८४/आ/१२	प्राविधिक उपसेनानी (पाईपर)	सैनिक प्राविधिक	अन्य प्राविधिक	सैनिक ब्याण्ड	१	
१२	०८३/८४/आ/१३	पाइलट उपसेनानी	सैनिक हवाई	पाइलट	-	३	
१३	०८३/८४/आ/१४	पण्डित उपसेनानी	सैनिक विविध	पुजारी	-	१	
१४	०८३/८४/आ/१५	कर्मचारी उपसेनानी	सैनिक विविध	सैनिक कर्मचारी समूह	-	१	
१५	०८३/८४/आ/१६	लेखा उपसेनानी	सैनिक विविध	लेखा	-	६	

३. <u>दरखास्त पेस गर्ने मिति र स्थान</u>:

(क) दरखास्त मितिः मिति २०८३/०७/२७ गतेदेखि मिति २०८३/०८/१७ गतेको कार्यालय समयभित्र दरखास्त बुझाउनु पर्नेछ ।

(ख) दरखास्त पेस गर्ने अन्तिम मितिको दिन सार्वजनिक बिदा पर्न गएमा अनलाईनबाट भरेको दरखास्त फाराम उक्त मिति भन्दा पछाडीको कार्यालय खुल्ने दिनमा कार्यालय समय भित्र दरखास्त दस्तुर (राजस्व) बुझाई दर्ता गर्न सकिने छ ।

(ग) स्थानः नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भू ।

४. <u>आवश्यक न्यूनतम योग्यता</u>:

सि.नं.	विज्ञापन नं.	पदको नाम	न्यूनतम शैक्षिक योग्यता	कै.
१	०८३/८४/आ/०२	प्राड उपसेनानी	(क) कानूनमा स्नातक गरेको । (ख) प्राड सेवाको पदिक पदमा कम्तीमा दश वर्ष सेवा अवधि पूरा गरेको सुबेदार हुनुपर्ने ।	

सि.नं.	विज्ञापन नं.	पदको नाम	न्यूनतम शैक्षिक योग्यता	कै.
२	०८३/८४/आ/०३	प्राविधिक उपसेनानी (सैनिक उपचारिका)	(क) नर्सिङ विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको । (ख) प्राविधिक सुबेदार (सैनिक उपचारिका) पदमा दश वर्ष कायमी सेवा पूरा भएको ।	
३	०८३/८४/आ/०४	प्राविधिक उपसेनानी (अडियोलोजिष्ट एण्ड स्पिच ल्याङ्गवेज प्याथोलोजिष्ट)	(क) एस.एल.सी. वा सो सरह वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी नर्सिङ्ग ग्रेड एक वा विभागीय एड्भान्स वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् वा सो परिषद्बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट टेक्निकल एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको । (ख) पदिक पदमा कम्तीमा दश वर्ष सेवा अवधि पूरा गरेको प्राविधिक सुबेदार हुनुपर्ने । (ग) खुला प्रतियोगिताबाट प्राविधिक सुवेदार भएकाको हकमा कायमी सेवा दश वर्ष पूरा भएको।	
४	०८३/८४/आ/०५	प्राविधिक उपसेनानी (मेकानिकल) उत्पादन	(क) मेकानिकल विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । (ख) पदिक पदमा कम्तीमा दश वर्ष सेवा अवधि पूरा गरेको प्राविधिक सुबेदार हुनुपर्ने ।	
५	०८३/८४/आ/०६	प्राविधिक उपसेनानी (टेक्सटायल) उत्पादन	(क) टेक्सटायल विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको। (ख) पदिक पदमा कम्तीमा दश वर्ष सेवा अवधि पुरा गरेको प्राविधिक सुवेदार हुनुपर्ने ।	
६	०८३/८४/आ/०७	प्राविधिक उपसेनानी (आर्ममेन्ट मेकानिक्स) मर्मत तथा सम्भार	(क) मेकानिकल वा जनरल मेकानिक्स विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र टेक्निकल सुपरभाइजर तालिम उत्तीर्ण गरेको, वा (ख) कम्तीमा एस.एल.सी. वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी सम्बन्धित ट्रेडमा कम्तीमा एक वर्षे डिप्लोमा उत्तीर्ण गरेको र टेक्निकल सुपरभाइजर तालिम उत्तीर्ण गरेको । (ग) पदिक पदमा कम्तीमा दश वर्ष सेवा अवधि पूरा गरेको प्राविधिक सुबेदार हुनुपर्ने ।	
७	०८३/८४/आ/०८	प्राविधिक उपसेनानी (भेहिकल मेकानिक्स) मर्मत तथा सम्भार	(क) अटोमोवाईल विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र टेक्निकल सुपरभाइजर तालिम उत्तीर्ण गरेको, वा (ख) कम्तीमा एस.एल.सी. वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी सम्बन्धित ट्रेडमा कम्तीमा एक वर्षे डिप्लोमा उत्तीर्ण गरेको र टेक्निकल सुपरभाइजर तालिम उत्तीर्ण गरेको । (ग) पदिक पदमा कम्तीमा दश वर्ष सेवा अवधि पूरा गरेको प्राविधिक सुबेदार हुनुपर्ने ।	

सि.नं.	विज्ञापन नं.	पदको नाम	न्यूनतम शैक्षिक योग्यता	कै.
८	०८३/८४/आ/०९	प्राविधिक उपसेनानी (सिभिल ईन्जिनियरिङ्ग)	(क) सिभिल इन्जिनियरिङ्गमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको। (ख) पदिक पदमा कम्तीमा दश वर्ष सेवा अवधि पूरा गरेको प्राविधिक सुबेदार हुनुपर्ने ।	
९	०८३/८४/आ/१०	प्राविधिक उपसेनानी (कम्प्युटर ईन्जिनियरिङ्ग)	(क) प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी कम्प्युटर प्रविधि सम्बन्धी कम्तीमा एक वर्षको हार्डवेयर वा सफ्टवेयरमा डिप्लोमा उत्तीर्ण गरेको । (ख) पदिक पदमा कम्तीमा दश वर्ष सेवा अवधि पूरा गरेको प्राविधिक सुबेदार हुनुपर्ने ।	
१०	०८३/८४/आ/११	प्राविधिक उपसेनानी (ब्रास)	(क) एस.एल.सी. वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी ब्याण्ड माष्टर वा पोटेन्सियल ब्याण्ड माष्टर वा एड्भान्स ब्याण्ड माष्टर वा मान्यता प्राप्त संस्थाबाट शास्त्रीय सङ्गीत विषयमा कम्तीमा एक वर्षे डिप्लोमा गरेको र सम्बन्धित ट्रेडको बाजा बजाउन सक्नुको साथै संगीत संयोजन गर्न सक्ने। (ख) पदिक पदमा कम्तीमा दश वर्ष सेवा अवधि पूरा गरेको प्राविधिक सुबेदार हुनुपर्ने ।	
११	०८३/८४/आ/१२	प्राविधिक उपसेनानी (पाईपर)	(क) एस.एल.सी. वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी पाइपर माष्टर वा ड्रम माष्टर वा मान्यता प्राप्त संस्थाबाट शास्त्रीय सङ्गीत विषयमा कम्तीमा एक वर्षे डिप्लोमा गरेको र सम्बन्धित ट्रेडको बाजा बजाउन सक्नुको साथै संगीत संयोजन गर्न सक्ने । (ख) पदिक पदमा कम्तीमा दश वर्ष सेवा अवधि पूरा गरेको प्राविधिक सुबेदार हुनुपर्ने ।	
१२	०८३/८४/आ/१३	पाइलट उपसेनानी	भौतिक विज्ञानमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरी नेपाली सेनाबाट पाइलट तालिम प्राप्त भएको ।	
१३	०८३/८४/आ/१४	पण्डित उपसेनानी	(क) संस्कृत विषय लिई शास्त्री वा सो सरह उत्तीर्ण गरेको । (ख) सम्बन्धित समूहको पदिक पदमा कम्तीमा दश वर्ष सेवा अवधि पूरा गरेको सुबेदार हुनुपर्ने।	
१४	०८३/८४/आ/१५	कर्मचारी उपसेनानी	(क) दश जोड दुई कक्षा वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको । (ख) सम्बन्धित समूहको पदिक पदमा कम्तीमा दश वर्ष सेवा अवधि पूरा गरेको सुबेदार हुनुपर्ने।	

सि.नं.	विज्ञापन नं.	पदको नाम	न्यूनतम शैक्षिक योग्यता	कै.
१५	०८३/८४/आ/१६	लेखा उपसेनानी	(क) वाणिज्य शाखामा स्नातक तह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम र कम्तीमा दुई महिनाको कम्प्युटर एकाउन्टिङ्ग सम्बन्धी तालिम उत्तीर्ण गरेको । (ख) सम्बन्धित समूहको पदिक पदमा कम्तीमा दश वर्ष सेवा अवधि पूरा गरेको सुबेदार हुनुपर्ने।	

नोटः शैक्षिक योग्यतामा उल्लिखित एस.एल.सी. भन्नाले हालको एस.ई.ई. लाई जनाउने ।

५. दरखास्त दस्तुरः दरखास्त फाराम बुझाउँदा सबै ट्रेडको अधिकृत पदको लागि रू.१,०००।- (एक हजार) श्री नेपाल बैंक लिमिटेडको खाता नम्बर ००१०१०००००००१००१००१ (कार्यालय कोड ३४५०१३५१३ र राजश्व शिर्षक नं.१४२२४, परीक्षा शुल्क) मा जम्मा गर्नु भई सो को सक्कल भौचर तथा प्रतिलिपि प्रति-१/१ (एक/एक) वा अनलाईन मार्फत दस्तुर तिर्नेको हकमा दस्तुर तिरेको भुक्तानी रसिदको प्रतिलिपि-१ (एक) अनलाईन भरेको दरखास्त फाराम साथ पेस गर्नु पर्नेछ ।

६. छनौट परीक्षाहरूः

(क) शारीरिक परीक्षाः शारीरिक परीक्षाको मापदण्ड देहाय बमोजिम हुनेछ ।

सि.नं.	पद	लिङ्ग	सिटअप	पुसअप	चिनअप	३०० मिटर	१ माईल	२ माईल	कै.
१.	प्राड/प्राविधिक/हवाई/विविध सेवा तर्फका अधिकृत (आन्तरिक)	पुरुष	१० पटक	१० पटक	२ पटक	-	-	खाली हात २१ मिनेट (४० वर्ष माथि) र १८ मिनेट (४० वर्ष मुनी)	
		महिला	८ पटक	५ पटक	-	-	खाली हात ११ मिनेट ३० सेकेण्ड (४० वर्ष माथि) र १० मिनेट (४० वर्ष मुनी)	-	

(ख) <u>लिखित परीक्षा:</u> लिखित परीक्षा श्री लोक सेवा आयोगबाट संचालन हुनेछ ।

(ग) <u>प्रयोगात्मक परीक्षा:</u> सम्बन्धित ट्रेड अनुसार ५० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा संचालन हुनेछ ।

(घ) <u>गुणमापक परीक्षा</u>: विशेषज्ञ अधिकृतहरूबाट गुणमापक (टि.ओ., जि.टि.ओ., आई.ओ र बोर्ड कन्फरेन्स) परीक्षा संचालन गरिनेछ ।

(ङ) <u>विस्तृत स्वास्थ्य परीक्षण:</u> श्री वीरेन्द्र अस्पतालका चिकित्सकहरूबाट विस्तृत स्वास्थ्य परीक्षण गरिनेछ ।

(च) <u>अन्तर्वार्ता</u>: पदपूर्ति समितिका पदाधिकारीहरूबाट अन्तर्वार्ता हुनेछ ।

७. <u>उमेर हद:</u> उल्लिखित पदका लागि उम्मेदवारको उमेरको हद सम्बन्धित सेवाको नियमावलीमा उल्लेख भएनुसार हुनेछ । सैनिक हवाई सेवा र सैनिक विविध सेवा तर्फका उम्मेदवारहरुले पैंतिस वर्ष पूरा नभएसम्म बढीमा ३ पटक आवेदन दिन सक्नेछ ।

८. <u>थप योग्यता:</u> सम्बन्धित सेवाको नियमावली अनुसार हुनेछ ।

९. <u>अन्य शर्त:</u> नेपाली सेनामा हाल जारी पदपूर्ति प्रक्रियामा अन्य कुनै पदमा आवेदन पेस गरेको भए उम्मेदवारले स्वघोषणा गर्नु पर्नेछ । अन्य पदमा समेत आवेदन पेस गरेका उम्मेदवारले अनलाईन दरखास्त फाराम भर्ने क्रममा आवेदन दिएको पद र विज्ञापन नम्बर अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

१०. <u>सम्पर्क मिति र स्थान:</u> २०८३/०९/०७ गतेको ११०० बजे नेपाली सेना केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भूमा स्वयम् उपस्थित भई वा श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **https://vacancy.nepalarmy.mil.np** भित्र **EXAM NOTICES** मा आगामी परीक्षाको कार्यतालिका बारे जानकारी प्राप्त गर्न सकिनेछ ।

११. यस सम्बन्धी सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **https://vacancy.nepalarmy.mil.np** भित्र **VACANCY & REQUIREMENTS** मा र पद अनुसार पाठ्यक्रमहरु **ARMY SYLLABUS** मा हेर्न सकिनेछ । साथै, सो सम्बन्धी थप जानकारी लिनु परेको खण्डमा भर्ना छनौट निर्देशनालयको सम्पर्क नं. ०१-५९७९४७८ मा कार्यालय समय भित्र सम्पर्क गर्न समेत सूचित गरिन्छ ।

(रोज प्रताप ज.ब.रा.)
सहायक रथी
निर्देशक